# साँफेवगर नगरपालिकाको
# बाल विवाह अन्त्यका लागि
# स्थानीय रणनीति
# २०७७

साँफेवगर नगरपालिका

अछाम

# मन्तव्य

बिषय सुची

**अध्याय १ परिचय**

| | | |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | अन्तराष्ट्रिय प्रतिवद्धता | १ |
| ३. | राष्ट्रिय कानुनी व्यवस्था तथा नीति | २ |
| ४. | बालबालिका सम्बन्धी योजना, राष्ट्रिय र प्रादेशिक नीति तथा कार्यक्रम | ३ |
| ५. | स्थानीय नीति | ३ |
| ६. | बालबिवाहको वर्तमान स्थिति | ४ |
| ७. | रणनीति तर्जुमा प्रक्रिया | ४ |
| ८. | स्थानीय रणनीति तर्जुमाको औचित्य | ५ |
| ९. | स्थानीय रणनीतिका सिद्धान्तहरू | ६ |

**अध्याय २  दुरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्य र रणनीति तथा कार्यनीति**

| | | |
|---|---|---|
| १०. | दूरदृष्टि | ७ |
| ११. | ध्येय | ७ |
| १२. | लक्ष्य | ७ |
| १३. | उद्धेश्यहरू | ७ |
| १४. | रणनीतिक कार्यदिशा | ७ |
| १५. | बालविवाह विरुद्धका सरोकारवालाहरू र तिनको भूमिका | ११ |
| १६. | अनुगमन तथा मूल्याङ्कन | १८ |

# साँफेवगर नगरपालिकाको बाल विवाह अन्त्यका लागि
# स्थानीय रणनीति २०७७

## अध्याय १ परिचय

### १.पृष्ठभूमि

बैबाहिक अधिकार प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो । मानव अधिकारको दृष्टिकोणवाट आफूले रोजेको व्यक्तिसंग विवाह गर्न पाउने र आफनो भविष्यको मार्गचित्र तय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनपर्दछ । यसका लागि प्राय सवै मुलुकहरुले विवाहको लागि न्यूनतम उमेर तोकेका हुन्छन् । नेपालको मूलुकी ऐनमा विवाहको लागि कानुनी उमेर २० बर्ष तोकिएको छ । नेपालको संबैधानिक इतिहासमा हालै मात्र जारी भएको नेपालको संविधानले बाल विवाहलाई पहिलो पटक बालअधिकार हननको बिषयको रुपमा उल्लेख गरी दण्डनीय अपराधको रुपमा स्वीकार गरेको छ ।

बाल विवाह उच्च रहेका मुलुकहरु मध्ये नेपाल अग्रपंक्तिमा रहेको छ । दक्षिण एशियामा नेपाल बंगलादेश र भारत पछि तेश्रो स्थानमा पर्दछ । बालकको तुलनामा संख्यात्मक रुपमा बढी बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको अध्ययनवाट देखिएको छ । यसो हुनुमा महिलाभन्दा पुरुषको उमेर सामान्यतया बढी हुनुपर्ने सामाजिक एवं सांस्कृतिक मान्यता, लैंगिक विभेद, गरीबी, अशिक्षा, असुरक्षा जस्ता कारणहरु प्रमुख रुपमा देखिएका छन् । बाल विवाहले बालबालिकाहरूलाई आधारभूत अधिकारबाट बञ्चित मात्र गराउँदैन उनीहरू आफ्नो भविष्यको छनोट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रकृयामा सहभागी हुने अवसरबाट पनि बञ्चित हुन्छन् ।

बिशेष गरी बालिका र महिलाको सर्न्दभमा बालविवाहले एउटा मात्रै अधिकारको उल्लंघन नगरी उनीहरुको जीवनचक्रमा थुप्रै अधिकार उल्लंघनको श्रृंखला सृजना गरी थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ । बाल विवाहको कारण बैवाहिक जीवन दिगो नहुने, परिपक्व नभई सन्तान जन्माउदा स्वास्थ्य सम्बन्धी विभिन्न समस्याहरु देखिने, लैंगिक हिंसा,यौनजन्य हिंसा, बालश्रम, वेचविखन जस्ता थप हिंसाहरुले वालिका र महिलाहरु थप प्रताडित हुन पुग्दछन । कालान्तरमा समाज विकास प्रकृयामा महिलाहरूको भुमिका र सहभागितालाई न्यून बनाई सभ्य, सुंसस्कृत एवं समतामूलक समाज निर्माण गर्न बाल विवाह बाधक तत्व बन्न पुग्दछ ।

### २.अर्न्तराष्ट्रिय प्रतिवद्धता

नेपाल सरकारले संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई १९९० को सेप्टेम्वर १४ तारिख अर्थात २०४७ साल भदौ २९ गते कुनै पनि शर्त बिना अनुमोदन गऱ्यो । यस महासन्धि अन्तर्गत तीनवटा इच्छाधिन आलेखहरु समेत रहेका छन् । पहिलो **सशस्त्र संघर्षमा बालबालिकाको संलग्नता सम्बन्धी इच्छाधिन आलेख, २०००** जसलाई नेपालले सन् २००७ को सेप्टेम्वर १९ तारिखमा अनुमोदन गरेको छ भने दोस्रो **बालबालिकाको बेचबिखन, यौनशोषण र अश्लील चित्रण सम्बन्धी इच्छाधिन आलेख, २०००** जसलाई सन् २००६ को जनवरी २० तारिखमा अनुमोदन गरिसकेको छ । यसै गरी तेस्रो **बाल अधिकार हनन्को उजुरीबारे सञ्चार कार्यविधि सम्बन्धी इच्छाधिन आलेख, २०११** लाई

भने अनुमोदन गर्न बाँकी छ । महासन्धी र त्यस अन्तरगत भएका बिभिन्न आलेखहरुको कार्यान्वयको अवस्था सम्बन्धि प्रतिवेदन बिभिन्न अवधीमा नेपालले संयुक्त राष्ट्रसंघ बाल अधिकार समितिमा पेश गर्ने गरेको छ ।  सो प्रतिवेदनमाथि उक्त समितिको टिप्पणीले कानूनी, नीतिगत, संस्थागत व्यवस्थाको प्रशंसा गर्दै यस आलेखका प्रावधानहरु अनुसार विद्यमान कानूनमा सुधार गर्नुपर्ने, पर्याप्त बजेटको व्यवस्था गर्नुपर्ने, अनुमगन र खण्डीकृत सूचना व्यवस्थापन गर्नुपर्ने, सम्बद्ध निकायहरुबीच प्रभावकारी समन्वयको व्यवस्था हुनुपर्ने, शैक्षिक र तालिम पाठ्यक्रममा सुधार हुनुपर्ने, पर्यटन क्षेत्रमा बालबालिकाको यौनशोषण र दुर्व्यवहार अन्त्य हुनुपर्ने लगायतका सुझावहरु दिएका छन् । यस अनुसार हालका कानून हरुमा यी विषयहरुको व्यवस्था भइसकेका छन् भने बजेट, सूचना व्यवस्थापन, पाठ्यक्रम सुधार लगायत बालबालिका विरुद्ध हुने कुनै पनि किसिमका यौनशोषण र दुर्व्यवहारका विषयहरु सम्बोधन गर्ने कार्यहरुमा नेपाल सरकार संवेदनशील रहेको छ । नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय महासन्धि र सो अन्तर्गतका इच्छाधिन आलेखहरुका प्रावधानहरुको परिपालना गर्नु एवम् महासन्धि र इच्छाधिन आलेखहरुमाथि संयुक्त राष्ट्र संघको बाल अधिकार समितिको समापन टिप्पणीमा दिइएका सुझावहरु कार्यान्वयन गर्नु राज्यका सबै अङ्गहरुको दायित्व हुन्छ । यसै दायित्व अनुसार संविधान, बालबालिका सम्बन्धी ऐनहरु, नीति, योजना र कार्यक्रम सम्बन्धी अधिकांश सुझावहरुलाई समायोजन गरिएका छन् ।

विश्वव्यापी स्तरमा बाल विवाहलाई सहस्राब्दी विकास लक्ष्य (MDGs) को प्राप्तिका लागि एक बाधकको रुपमा पहिचान गरी दिगो विकासका लक्ष्यहरूको कार्यसूची ( SDGs) (२०१६– २०३०) मा बाल विवाह अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समावेश गरिएको छ । सन् २०१३ को सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिबाट बाल विवाह तथा जवरजस्ती हुने विवाह रोकथाम तथा उन्मूलनको सवलीकरणः चुनौती, उपलब्धि, उदाहरणीय अभ्यास र कार्यान्वयनमा रहेका समस्याहरू विषयक प्रस्तावज्ञ र यसपछि सोही बर्षको डिसेम्बरमा संयुक्त राष्ट्रसंघको ६८ औं साधारण सभाबाट बाल विवाह तथा जवरजस्ती हुने विवाह विषयक प्रस्ताव पारित गरिएपछि बाल विवाह विरुद्धका कार्यक्रमहरु विश्वव्यापी रुपमा उच्च प्राथमिकतामा परेका छन् ।

हालसम्मको बिभिन्न प्रयास र उपलब्धिहरुको बाबजूद पनि विविध किसिमका बालहिंसा, बालबिबाह, शोषण र दुर्व्यवहार अन्त्य गर्ने कार्यहरु चुनौतीकै रुपमा रहेका छन् । यस दिशातर्फ संघ, प्रदेश र स्थानीय सरकार एवम् विकास साझेदार संस्थाहरु र निजी क्षेत्रका सबै सम्बन्धित निकायहरुको ध्यान गम्भीर रुपमा आकर्षित हुन जरुरी छ ।

## ३. राष्ट्रिय कानुनी व्यवस्था तथा नीति

नेपालको संविधानमा धारा ५१ राज्यको नीति अन्तर्गत बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकताको रुपमा लिइएको छ । मौलिक हकभित्र धारा ३९ अन्तर्गत बालबालिकाको हक शीर्षकमा १० वटा उपधारामा बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता एवम् बाल अनुकूल न्याय जस्ता विषयहरु समेटी सर्वाङ्गीण विकासको प्रत्याभूति गरिएको छ । बाल अधिकारको दृष्टिकोणबाट नेपालको संविधान उत्कृष्ट देखिएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाका १३ वटा मूलभूत अधिकारहरु सुनिश्चित गरिएका छन् । यो ऐन बाल अधिकार महासन्धिको मूलभूत सिद्धान्तहरु र प्रावधानहरु अनुकूल रहेको छ र बालबालिकाको समग्र हक, हित, अधिकारलाई समेटिएको एक उत्कृष्ट बालमैत्री कानून हो ।

मुलुकी ऐन २०२० लाई खारेज गर्दै २०७४ सालमा मुलुकी देवानी संहिता र मुलुकी अपराध सहिता संसदबाट अनुमोदन भई २०७५ भाद्र १ गते देखि कार्यान्वयनमा आएका छन् । यी दुवै कानूनमा यस अघिको बिबाहको उमेर सम्बन्धि व्यवस्थालाई परिवर्तन गरि बिबाह गर्नका लागि केटा वा केटी दुवैको उमेर २० बर्ष हुने व्यवस्था गरेको छ । बर्ष २० नपुगी गरिने बिबाहलाई अपराधको रुपमा लिदै यस्तो बिवाह स्वत:बदर हुने र कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने समेत व्यवस्था गरिएको छ ।

## ४. बालबालिका सम्बन्धी योजना, राष्ट्रिय र प्रादेशिक नीति तथा कार्यक्रम

पन्ध्रौं योजना (२०७६/०७७-२०८०/०८१) को आधारपत्रले बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाजको परिकल्पना वा सोच लिएको छ भने बालबालिका तथा किशोरकिशोरीलाई सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरुको हक अधिकार संरक्षण तथा प्रवर्द्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागरिकको रुपमा विकास गर्ने लक्ष्य लिएको छ ।

बालबालिका सम्बन्धी छुट्टै कार्ययोजना तर्जुमा गर्ने क्रममा नेपाल सरकारले बालबालिका सम्बन्धी प्रथम कार्ययोजनाको रुपमा सन् १९९० को दशकको लागि बालबालिका सम्बन्धी राष्ट्रिय कार्ययोजना र दोस्रो कार्ययोजनाको रुपमा सन् २००४-२०१४ को लागि दशवर्षे कार्ययोजना तयार गरी लागू गरिसकेको छ । तेस्रो कार्ययोजना तयारी क्रममा रहेको छ । बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ बालश्रम सम्बन्धी गुरु योजना, २०७५ लगायत शिक्षा, स्वास्थ्य, किशोरकिशोरी, मानव ओसारपसारसँग सम्बन्धित राष्ट्रिय कार्ययोजनाहरु कार्यान्वयनमा रहेका छन् ।

बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ ले सरकारी निकाय, स्थानीय निकाय, अभिभावक, शिक्षक र राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय गैरसरकारी संस्थाको समन्वयात्मक सहकार्यमा सबै वर्ग र समुदायका बालबालिकाले बाल अधिकारको पूर्ण उपभोग गर्दै सक्षम र योग्य नागरिकको रुपमा व्यक्तित्व विकास गर्न पाउने सक्ने वातावरणको सिर्जना गर्ने दीर्घकालीन लक्ष्य लिएको छ ।

सुदूरपश्चिम प्रदेश सरकारले आफ्नो बार्षिक नीति तथा कार्यक्रममा 'सानै छु म बढ्न देऊ, बालविवाह होइन पढ्न देऊ' भन्ने नाराका साथ बालविवाह अन्त्य गर्न प्रदेश, सांसद, स्थानीय तहका पदाधिकारी, सामाजिक संघ-संस्था, आमा समूह, बाल क्लबसमेतको संलग्नतामा अभियान सञ्चालन गर्ने नीति लिएको छ ।

## ५. स्थानीय नीति

साँफेवगर नगरपालिकाले बाल बिबाह अन्त्यका लागि आफ्ना बार्षिक कार्यक्रममा बिभिन्न अभियानहरुको संचालन गरेको भएता पनि बाल विवाह अन्त्यका लागि ठोस कार्यक्रमहरु संचालन गर्न सकेको छैन । यसै तथ्यलाई ममन गरी नगरपालिकाले यो बाल बिबाह अन्त्यका लागि रणनीति तर्जुमा प्रक्रियालाई अगाडी बढाएको छ र आगामी दिनमा यस रणनीतिका आधारमा बार्षिक कार्यक्रमहरु तर्जुमा गर्नेछ ।

## ६. बालबिवाहको वर्तमान स्थिति

२०६८ सालको जनगणना अनुसार १८, १६ र १४ वर्षमुनिका बालबालिका क्रमशः ४१.८४, ३७.३७ ३२.३५ प्रतिशत रहेको छ। बालबालिकाको जनसंख्या उल्लेख्य रुपमा घट्दो क्रममा रहेको छ।

केन्द्रीय तथ्याङ्क विभागको पपुलेसन मोनोग्राफ, सन् २०१४, भाग २ (सामाजिक जनसांख्यिकी) अनुसार १० देखि १८ वर्ष उमेर समूहका बालबालिकामध्ये २६.३ प्रतिशतको विवाह भएको देखिएको छ। यसमध्ये १७ र १८ वर्ष उमेर समूहका बालबालिकाको विवाह कूल बालविवाहको ७५.६६ प्रतिशत रहेको देखिएको छ। नेपाल बहुक्षेत्रीय क्लस्टर सर्वेक्षण, २०१४ अनुसार १५ वर्षदेखि १९ वर्षसम्मका बालिकामा गरिएको सर्वेक्षण अनुसार १८ वर्ष नपुग्दै बालविवाह गर्नेको संख्या २,७८१ (२४.५%) देखिएको छ।

नेपालमा बाल विवाहको दर विकास क्षेत्र, बसोवास क्षेत्र, आर्थिक-सामाजिक अवस्था, जातजाति, धर्म, समुदाय तथा शैक्षिक अवस्थाको विविधता र अन्य भिन्नताहरूका आधारमा फरक फरक रहेको छ। शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रका महिलाहरूको सामान्यतया कम उमेरमा विवाह हुने गरेको पाईएको छ। राष्ट्रसंघीय जनसंख्या कोषका अनुसार ग्रामीण क्षेत्रमा बसोवास गर्नेमध्ये ४३ प्रतिशत र शहरमा बस्ने मध्ये २७ प्रतिशत महिलाले १८ वर्ष नपुग्दै बिहे गर्छन्। अशिक्षा र कम आयस्रोत भएका परिवारका बालिकाहरू बाल विवाहको बढी जोखिममा रहेको पाईएको छ। त्यस्तै, आर्थिक अवस्था सबल भएका भन्दा कमजोर भएका महिलाहरूको सालाखाला दुई बर्ष कम उमेरमै विवाह भएको पाईन्छ। राष्ट्रिय रणनीति तर्जुमाको क्रममा ६ वटा जिल्लाहरुमा गरिएको अध्ययनवाट बिगत केही समय यता उमेर नपुग्दै किशोरकिशोरी भागेर विवाह गर्ने र विभिन्न हिंसामा पर्ने क्रममा बढोत्तरी भएको पाईएको छ। वशेषगरी तराईका जिल्लाहरुमा तुलनात्मक रुपमा बालविवाह बढी हुने गरेको अध्ययनले देखाएको छ। विकट पहाडी जिल्ला अछाम, बैतडी, डोटी, बाजुरा, बझाङ, दार्चुला आदिमा पनि बालविवाहको दर उच्च रहेको पाइन्छ।

साँफेवगर नगरपालिकामा पनि बालबिबाहको दरमा कमी नआएको कुरा नगरपालिकाको स्वास्थ्य शाखाले अध्यावधी गरेको २० बर्ष मुनीका गर्भवती आमाको तथ्यांकबाट पृष्टि हुन्छ । आर्थिक बर्ष २०७६।०७७ मा नगर स्वास्थ्य शाखाले अध्यावधिक गरेको तथ्यांक अनुसार यस नगरपालिकामा यस आर्थिक बर्षमा १३९ जना २० बर्ष मुनीका गर्भवती रहेको देखिन्छ। जसमा वडा नं. २ मा ४ जना, वडा नं. ३ मा १३ जना र वडा नं. ५ मा २ जना रहेको देखिन्छ भने वडा नं. ७ मा ९४ जना २० बर्ष मुनिका गर्भवती रहेको तथ्यांक रहेको छ। वडा नं. ७ मा बयालपाटा अस्पताल रहेको कारण ९४ जनामा नगरपालिका बाहिरका महिलाहरु समेत रहेका छन्। यसै गरी वडा नं. ८ मा ५ जना, ९ मा २ जना, १० मा ४ जना, ११ मा ४ जना, १२ मा ३ जना, १३ मा ३ जना र १४ मा ५ जना २० बर्ष मूनिका आमाहरु रहेका छन्। यस तथ्यांकले अझै पनि साँफेवगरमा बालबिबाहको दर उच्च नै रहेका देखाउछ।

## ७. रणनीति तर्जुमा प्रक्रिया

साँफेवगर नगरपालिकाको यो बाल विवाह अन्त्यका लागि स्थानीय रणनीति तर्जुमाका लागि अवलम्बन गरिको प्रक्रिया देहायका चरणमा उल्लेख गरिएको छ।

(क). **रणनीतिक योजना तर्जुमा गोष्ठीः** मिति २०७७ फागुन १९ गतेका दिन नगर कार्यपालिकाका सदस्यहरु, नगरपालिकाकाका बिभिन्न बिषयगत शाखा, बाल क्लबका प्रतिनिधीहरु, राजनीतिक

दलका प्रतिनिधीहरु, प्रहरी तथा सरोकारवालाहरुका बिचमा रणनीति तर्जुमाको महत्वको बारेमा अभिमुखिकरण गरी रणनीति निर्माणका लागि सुझाव संकलन गरिएको थियो । कार्यशालाले रणनीतिको परिकल्पना, ध्येय, लक्ष्य र उद्देश्यहरुका साथै रणनीति र रणनीतिक कार्यहरुका बिषयमा व्यापक रुपमा सुझाव प्रदान गरेको थियो ।

**(ख)** **तथ्यांङ्क संकलन तथा बिश्लेषण:** रणनीति निर्माणका लागि बिभिन्न तरिकाबाट आवश्यक तथ्यांक संकलन र कार्यशालाले प्रदान गरेका सुझावहरुको बिश्लेषण गर्ने कार्य यस चरणमा सम्पन्न भएको थियो ।

**(ग)** **मस्यौदा लेखन:** माथि उल्लिखित तथ्यांक संकलनको कार्य पश्चात प्राप्त तथ्यांक तथा बिभिन्न सन्दर्भ सामाग्रीहरु अध्ययन गर्दै प्रारम्भीक मस्यौदा लेखन कार्यलाई अगाडी बढाईएको थियो ।

**(घ).** **मस्यौदा समितिबाट सुझाव संकलन:** यो रणनीति तर्जुमाका लागि संचालन भएको एक दिने कार्यशालाले प्रारम्भीक मस्यौदाको अध्ययन र त्यसमा थप सुझावहरु प्रदान गर्नका लागि एक मस्यौदा सुझाव समितिको समेत निर्माण भएको थियो । सो मस्यौदा समितिले प्रारम्भीक मस्यौदाको अध्ययन र यसलाई थप परिस्कृत बनाउनका लागि बिभिन्न सुझाव प्रदान गरेको थियो ।

**(ङ)** **कार्यपालिका बैठकमा पेश र स्वीकृत:** मस्यौदा समितिका सुझावहरुलाई समावेश गरि परामर्शदाताद्धारा निर्माण गरिएको अन्तिम मस्यौदा मिति............मा नगर कार्यपालिकाको बैठकबाट अनुमोदन गरी यो रणनीति तर्जुमा गरिएको थियो ।

## ८. स्थानीय रणनीति तर्जुमाको औचित्य

मुलुकी देवानी संहिता २०७४ मा २० वर्ष उमेर नपुगी गरिएको विवाहलाई बालविवाहको रुपमा परिभाषित गरेको छ भने २० वर्ष नपुगी गरिएका विवाह स्वतः खारेज हुने व्यवस्था छ । नेपालको संविधानको धारा ३९ को उपधारा (५) मा बालविवाह गर्न गराउन नपाइने व्यवस्था उल्लेख भएको छ । बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ मा समेत बालविवाह रोक्न विकासका साझेदार निकाय र सरकारको सहकार्यमा समुदाय स्तरमा संघ संस्था परिचालन गर्ने, उजुरी दर्तामा सक्रियता देखाउने, कारवाहीको  व्यवस्था मिलाउने तथा विभिन्न जनचेतनामूलक कार्यक्रम संञ्चालन गर्ने उल्लेख छ ।

यसै गरी दिगो विकास लक्ष्यहरु (२०१६-२०३०) मा बालविवाह अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समावेश गरिएको छ । २०३० सम्ममा बालविवाहको अन्त्य गर्न तय गरिएको राष्ट्रिय रणनीति २०७२ को आएको छ । यी सबै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता, संवैधानिक र कानूनी दायित्व पुरा गर्नका लागि स्थानीय सरकारले स्थानीय नीति बनाई त्यसको कार्यान्वयन पर्ने हुन्छ । राष्ट्रिय तथा प्रदेशिक स्तरमा बन्ने नीतिले मात्र स्थानीय आवश्यकतालाई संबोधन गर्न सक्दैन त्यसका लागि स्थानीय सरकारले जिम्मेवारपूर्ण ढंगले योजनाबद्ध रुपमा आफ्ना कार्यहरुलाई संचालित गर्नु पर्छ । यस तथ्यलाई मनन् गरी साँफेवगर नगरपालिकोले आफ्नो यो स्थानीय बाल विवाह अन्त्यका लागि रणनीति तर्जुमा गरेको छ ।

## ९.स्थानीय रणनीतिका सिद्धान्तहरू

**(क)** **समानताको अधिकार** : प्रत्येक बालबालिकालाई उसको लिङ्ग, धर्म, उमेर, जातीयता, सामाजिक-आर्थिक स्तर, क्षमता, वर्ण, वैवाहिक स्थिति र संस्कृतिको आधारमा भेदभाव विनाको समान अधिकार हुनुपर्दछ ।

**(ख)** **बालबालिकाको सर्वोत्तम हितः** बालबालिकाको विषयमा कुनैपनि निर्णय गर्दा उनीहरूको सर्वोत्तम हित सुनिश्चित गर्नुपर्छ ।

**(ग)** **बाल बचाउ र विकासः** प्रत्येक बालबालिकालाई सबल र उपयुक्त वातावरणमा हुर्किई उच्चतम् स्तरको जीवनयापन गर्न पाउने अधिकार हुनुपर्दछ ।

**(घ)** **संरक्षणः** बाल विवाह, बेचविखन तथा ओसारपसार, बाँधा बनाउने, अन्य हानिकारक अभ्यास लगायत सबै प्रकारका दुर्व्यवहार, हिंसा तथा शोषणबाट बालबालिका संरक्षित हुनुपर्दछ ।

**(ङ)** **अर्थपूर्ण सहभागिताः** बालबालिकासँग सरोकारका सबै विषयमा उमेर र परिपक्वताअनुरुप उनीहरूको कुरा सुन्ने र आफ्नो बिचार अभिव्यक्त गर्ने अवसर दिनुपर्छ । बालबालिका र खासगरी बालिकाहरूको सशक्तिकरणले विवाह लगायत सबै निर्णय प्रकृयामा सहभागिता बृद्धि भै उनीहरूको महत्व बढाउन योगदान पुग्छ ।

**(च)** **राज्यको दायित्वः** नेपालको संविधान, दिगो विकासका कार्यसूची (२०१६–२०३०) का साथै अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार बालअधिकार उल्लंघनको कारकतत्वको रुपमा रहेको बाल विवाह कोरोकथाम तथा न्यायमा पुहँचको लागि राज्यको क्रियाशीलता बढाउनुपर्ने अवस्था रहेको छ ।

# अध्याय २: दुरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्य र रणनीति तथा कार्यनीति

## १०.दूरदृष्टि

समाज बालबिबाह मुक्त, व्यवहार बालमैत्री एवं लैगिंक समानतायुक्त ।

## ११.ध्येय

बाल विवाहमुक्त वातावरणमा बालबालिकाको अधिकारको सुनिश्चितता गर्ने ।

## १२. लक्ष्य

सन् २०३० सम्ममा नगरपालिकामा बाल विवाह अन्त्य गर्ने ।

## १३.उद्धेश्यहरू

१३.१. बाल बिबाह अन्त्यका लागि कानूनी तथा नीतिगत सुधार र त्यसको प्रभावकारी कार्यान्वयन गर्ने ।

१३.२. बालबालिका तथा किशोर किशोरीहरुको सशक्तिकरण गर्ने ।

१३.३. परिवार र समुदायका बिद्यामान सामाजिक संरचनाहरु एवं बिभिन्न सरोकारवाला व्यक्ति तथा संगठनलाई बालबिबाहका बिरुद्धमा परिचालन गर्ने ।

१३.४. आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरुमा बाल विवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

## १४.रणनीतिक कार्यदिशा

| उद्देश्यहरु | रणनीति | मुख्य रणनीतिक कार्यहरु |
| --- | --- | --- |
| १. बाल बिबाह अन्त्यका लागि कानूनी तथा नीतिगत सुधार र त्यसको प्रभावकारी कार्यान्वयन गर्ने । | १.१. राज्यले ल्याएका बिभिन्न नीतिको कार्यान्वयन र स्थानीय नीतिको पहिचान, तर्जुमा र आवश्यकताका आधारमा संशोधन गरिनेछ । | • नगरपालिकाको बाल संरक्षण नीति बनाउने<br>• बालमैत्री स्थानीय शासन नीतिको स्थानीकरण गर्ने<br>• बिद्यालय उमेर समूहबा बालबालिकाहरुका लागि मोबाईल प्रयोग तथा अभिभावकद्धारा त्यसको अनुगमन सम्बन्धि मापदण्ड तयार गर्ने<br>• बाल बिबाह सम्बन्धि कार्यक्रम कार्यान्वयन कार्यबिधि बनाई लागु गर्ने |
| | १.२. नीतिको कार्यान्वयनको सम्बन्धि अनुगमन | • बाल श्रम तथा बाल शोषण सम्बन्धि अनुगमन गरि बालश्रम मुक्त पालिका |

| | | |
|---|---|---|
| | संयन्त्रको विकास गरि बार्षिक रुपमा त्यसको समिक्षा गरिनेछ । | बनाउने<br>• वडा कार्यालयमा बालबिबाह दर्ता गर्न आएमा बिबाह दर्ता नगरी उनीहरुको छुट्टै अभिलेख राखी सम्बन्धित निकायमा जानकारी दिने |
| २. बालबालिका तथा किशोर किशोरीहरुको सशक्तिकरण गर्ने | २.१. बालबालिकालाई बिद्यालयमा टिकाउने र सिकाउने तथा बिद्यालयबाहिर भएपनि यौनिकता शिक्षा सिकाउने नीति अवलम्बन गरिनेछ । | • स्थानीय पाठ्यक्रममा यौनिकता शिक्षालाई समावेश गर्ने ।<br>• माध्यमिक कक्षामा जीवनोपयोगी प्रजजन स्वास्थ्य सम्बन्धि कक्षा संचालन गर्ने ।<br>• छात्रबृत्ति शैक्षिक बृत्ति उपलब्ध गराउने<br>• अध्ययन अध्यापन क्रियाकलापमा बालबालिकालाई प्रतिस्पर्धात्मक कार्यक्रम संचालन गर्ने<br>• बेला बेला प्रजनन स्वास्थ्य बारे प्रशिक्षित गर्ने<br>• कक्षा सिकाई क्रियाकलाप अन्तरगत बाल बिबाहबाट हुने भविश्यको जोखिमको बिश्लेषण गर्न लगाउने<br>• प्रेरक व्यक्ति, भनाई, योग, धार्मिक कार्यहरु, खेलहरु तथा अन्य क्रियाकलापमा सरिक गराउने<br>• बालबालिकालाई सिकाईमा सहयोग गर्ने, टिउसन तथा कोचिङ्ग कक्षा<br>• बालमैत्री संरचना निर्माण<br>• कक्षा छोड्ने दर घटाउन प्रोत्साहनमुलक कार्यक्रमहरु संचालन गर्ने<br>• छोटो अवधिको तालिम<br>• बिद्यालय बाहिर रहेका बालिकाहरुलाई बैकल्पीक कक्षाहरु संचालन गर्ने<br>• खेलकुदमा सहभागिता |

| | | |
|---|---|---|
| | | • बैकल्पीक शिक्षा<br>• बाल विवाहबाट सृजित लैङ्गिक हिंसा र दाइजो प्रथाको विरुद्धमा पुरुष तथा बालकहरूमा कानुनी सचेतना अभिबृद्धि गर्ने । |
| | २.२. बाल बिबाहका बिरुद्धमा बालबालिका तथा किशोर किशोरीहरुलाई संगठितरुमा परिचालन गरिनेछ । | • बाल क्लब गठन (बिद्यालय, टोल, वडा तथा नगरपालिका स्तरीय)<br>• बालबालिका बाटै बालबिबाहलाई निरुत्साहित गर्ने<br>• बाल बिबाहबाट समस्या भोगेकाहरुसँग अन्तरक्रिया |
| | २.३. बालबालिका तथा किशोर किशोरीहरुलाई असल जीवन व्यवहार अवलम्बनका लागि उत्प्रेरित गरिने छ । | • सामाजिक संजाललाई सिकाई क्रियाकलापसँग जोड्ने<br>• सामाजिक संजालको सकारात्मक तथा नकारात्मक प्रभाव बारे जानकारी गराउने ।<br>• सामुदायिक क्रियाकलापमा संहभागिता गराउने<br>• घरमा अभिभावकलाई सघाउने क्रियाकलापमा सहभागिता<br>• बिद्यालयमा अनिवार्य पोशाकको व्यवस्था गर्ने<br>• प्रेरक व्यक्ति, भनाई, योग, धार्मिक कार्यहरु, खेलहरु तथा अन्य क्रियाकलापमा सरिक गराउने<br>• बिद्यालयमा आचार संहिता निर्माण गर्न लगाउने<br>• स्थानीय भेषभुसालाई प्रोत्साहन दिने<br>• उत्श्रृंखल पहिरनलाई निरुतसाहित गर्ने |
| ३. परिवार र समुदायका बिद्यमान सामाजिक | ३.१. परिवार र समुदाय स्तरका बिभिन्न सामाजिक संरचनाहरुलाई परिचालन | • वडा तथा पालिका स्तरीय बाल संरक्षण समिति गठन<br>• अभिभावकद्धारा आफ्ना |

| | | |
|---|---|---|
| संरचनाहरु एवं बिभिन्न सरोकारवाला व्यक्ति तथा संगठनलाई बालबिबाहका बिरुद्धमा परिचालन गर्ने । | गरिनेछ । | बालबालिकाको निगरानी<br>● वडा स्तरमा बालबिबाह निगरानी समूह गठन गर्ने<br>● समुदायमा रहेका विभिन्न अभिभावक समूह, आमा समूह, उपभोक्ता समूह, किशोरी समूह, महिला समूह लगायत समाजिक अगुवाहरूको सहभागितामा बाल विवाह बिरुद्धको अभियान संचालन गर्ने ।<br>● धार्मिक व्यक्तित्वहरू, ज्योतिष, पुरोहित, धामीझाक्रीको सहभागिता सुनिश्चित गरी बाल विवाहका विरुद्धमा परिचालन गर्ने ।<br>● दाइजो लेनदेन नगर्ने तथा बाल विवाह नगर्ने, नगराउने अनुकरणीय व्यक्ति, परिवार, र समुदायलाई सामाजिक रूपमा सम्मान गर्न प्रोत्साहन गर्ने<br>● बालबिबाह रोकथामका लागि रेडियो सन्देश तथा कार्यक्रम संचालन गर्ने<br>● बाल विवाह विरूद्ध समाजमा भएका असल अभ्यासहरूलाई विभिन्न संचार माध्यम र संजाल मार्फत प्रसारण<br>● सचेतनामूलक बोर्ड स्थापना गर्ने<br>● बाल बिबाह बिरुद्ध सन्देश प्रवाह गर्न गीत, कविता, बतृत्वकला, निवन्ध लेखन जस्ता प्रतिस्पर्धाहरुको आयोजना गर्ने ।<br>● अन्तरपुस्ता संवाद संचालन गर्ने<br>● बालबिबाह सम्बन्धि पूर्व सूचना प्राप्त गर्न वडा कार्यालयमा गोप्य सूचना पेटिका राख्ने |
| | ३.२. बाल बिबाहलाई सामाजिक बहिस्कार गरिनेछ । | ● समदायमा कसैको बालबिवाह हुन लागेमा त्यस्तो बिबाहलाई बहिस्कार गर्ने, |

| | | |
|---|---|---|
| | | • कसैले बाल बिबाह गरेमा उनीहरुलाई सम्झाई बुझाई अभिभावको जिम्मा जगाउने<br>• प्रहरीलाई सूचित गरी कानूनी बाटो अवलम्बन गर्ने |
| | ३.३. बाल बिबाहमुक्त टोल तथा वडा घोषणा गरिनेछ । | • वडाका बिभिन्न टोलमा प्रतिस्पर्धा सृजना गरि बार्षिक रुपमा बालबिबाह मुक्त टोल घोषणा गर्ने ।<br>• बाल बिबाह मुक्त भएका टोललाई पुरस्कृत गर्ने । |
| ४. आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरुमा बाल विवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने । | ४.१. पालिकाको आवाधिक तथा बार्षिक योजनामा बालबिवाह सम्बन्धि कार्यक्रमलाई प्राथमिकता दिईनेछ । | • हरेक वडाले बर्षेनी बालबिबाह सम्बन्धी यस रणनीतिको कार्यान्वयनका लागि बजेट बिनियोजन गर्ने । |
| | ४.२. बिद्यालय छोडेका बालबालिका र किशोर किशोरीहरुलाई बिभिन्न सिपमूलक तालिमका अवसरहरु प्रदान गरिनेछ । | • बिभिन्न सीपमूलक तालिमहरु संचालन गर्ने । |
| | ४.३. बालबालिका तथा किशोर किशोरीमैत्री सेवा प्रदान गर्न जोड दिईनेछ । | • |

## १५. बालविवाह विरुद्धका सरोकारवालाहरू र तिनको भूमिका

बालविवाहको अन्त्य गर्ने साँफेवगर नगरपालिकाको रणनीति कार्यान्वयनमा जन निर्वाचित प्रतिनिधिहरू, राजनीतिक दलहरू, सामाजिक विकास इकाइ अन्तरगतका विषयगत निकायहरू, बाल अधिकार समिति, प्रहरी, विद्यालय, धर्मगुरू, बालक्लब तथा सञ्जालहरू, गैससहरूको भूमिका नेतृत्वदायी हुनेछ । स्थानीय तहमा बालमैत्री स्थानीय शासन समिति तथा बालसंरक्षण समितिले बालविवाहलाई रोक्न र अन्त्य गर्ने अभियानको अगुवाइ गर्नेछन् । यस अभियानको संचालनका लागि अधिकाँस समाजका बिद्यमान संरचनाहरुलाई नै परिचालन गरिने छ भने केहि रणनीतिक संरचनाहरुको पनि निर्माण गरिनेछ । परिचालन गरिने मुख्य संस्थागत संरचनाहरु देहाय बमोजिमका रहनेछन् ।

| बिद्यमान संरचनाहरु | निर्माण गरिनु पर्ने रणनीतिक संरचनाहरु |
|---|---|
| • नगरपालिका र त्यसका बिषयगत शाखाहरु<br>• राजनीतिक दलहरु<br>• संघ संस्था<br>• बिद्यालयहरु<br>• प्रहरी कार्यालय<br>• आमा समूह<br>• स्वास्थ्य समन्वय समिति गठन | • बालमैत्री स्थानीय शासन समिति<br>• नगरपालिका, वडा र समुदाय स्तरमा बाल संरक्षण समिति<br>• निगरानी समूह<br>• धर्म गुरु तथा पुरोहितहरुको समिति<br>• बाल तथा किशोरी समूह |

बालविवाह अन्त्यको अभियानलाई अगाडि बढाउन विभिन्न निकायहरूको भूमिकाको आवश्यकता महशुस गरिएको छ। सरोकारवालाहरू र तिनीहरूबाट अपेक्षा गरिने भूमिका तल लेखिएको छ।

**१५.१ नगरपालिकाको भूमिका :**

(क) बालविवाहविरुद्धका कार्यक्रमहरूलाई स्थानीय वालमैत्री शासन कार्यक्रममा एकीकरण गरी स्थानीय बालमैत्री शासनको अभिन्न अङ्गको रुपमा विकास गर्ने।

(ख) स्थानीय विकास प्रक्रियामा किशोरकिशोरीको सार्थक सहभागिता वढाउने।

(ग) बालविवाहलाई दर्ता नगर्ने र गरे तुरुन्त कारवाही गर्न सिफारिस गर्ने।

(घ) सबै सरोकारवालाहरूलाई बालविवाह, उमेर नपुगी विवाह र जबर्जस्ती विवाह विरुद्ध लाग्न प्रेरित गर्ने।

(ङ) बालविवाह, उमेर नपुगी विवाह र जबर्जस्ती विवाह हुने क्षेत्रको पहिचान गरी सो क्षेत्रमा विशेष सचेतीकरण तथा नियन्त्रणका कार्यक्रमहरू सञ्चालन गर्ने।

(च) सूचकको आधारमा बालविवाह मुक्त टोल, वडा तथा नगरपालिका घोषणा गर्ने।

(ज) विवाह रोक्न धार्मिक गुरूहरूलाई भेला गरी बालाविवाहका बारेमा जानकारी गराउने र बालविवाहको कसूर गरेवापत हुने दण्ड र जरिवानाबारे बुझाउने।

(झ) बालविवाहमा केन्द्रित भई सचेतीकरण कार्यक्रमहरू सञ्चालन गर्ने र गराउने।

(ञ) बालविवाह, उमेर नपुगी विवाह र जबर्जस्ती विवाह विरुद्ध नीति कार्यक्रम तथा बजेट नगर कार्यपालिकाबाट पारित गर्ने।

(ट) बालबालिकाबारे तथ्याङ्कसँगै बालविवाहसम्बन्धी तथ्याङ्क पनि अध्यावधिक गर्ने।

(ठ) नगरपालिकाको सूचना बोर्डमा बालविवाह विरुद्धको सुचनाहरू टाँस्ने व्यवस्था मिलाउने।

(ड) विद्यालय, समुदाय र नगरपालिका स्तरीय बालक्लब र बालक्ल सञ्जाल गठन गर्ने ।

(ढ) बालअधिकारका बाँच्न पाउने, विकास, संरक्षण र सहभागिताका चारवटै विषय उठान गर्ने ।

(ण) विद्यालयको पाठ्यक्रममा बालविवाह र दाइजो प्रथा समावेश गर्न लगाउने ।

(त) बालविवाह विरुद्ध सन्देशमूलक होर्डिङ्ग बोर्ड, सडक नाटक भित्तेपत्रिका, भित्ते लेखन गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने ।

(थ) बालविवाह, उमेर नपुगी विवाह, जबर्जस्ती विवाह र दाइजोप्रथा जस्ता सामाजिक कुरीति र कुसंस्कारलाई सामाजिक बहिस्कारको विषय बनाउने ।

(द) बालविवाह र उमेर नपुगी विवाह गर्नेलाई सेवा सुविधाबाट बञ्चित गर्ने /गराउने।

(ध) प्रजनन शिक्षा र किशोरी शिक्षामा बालविवाहको विषय जोड दिने ।

(न) मानव बेचविखन विरुद्धको अभियान सञ्चालन गर्ने ।

(प) 'हामी सानै छौं बढ्न देऊ, बालविवाह होइन पढ्न देऊ' भन्ने नाराका साथ र्‍याली, गोष्ठी, सडकनाटक आदि गरी सचेतना अभियान सञ्चालन गर्ने

## १५.२. नगरपालिका, वडा तथा समुदाय स्तरीय बालमैत्री स्थानीय शासन समिति

(क) . वाट प्राप्त मार्गदर्शन, नीति तथा कार्यक्रमहरु आफ्नो कार्य क्षेत्रमा लागूगर्ने,

(ख) आफ्नो वडामा बालमैत्री स्थानीय शासन सम्बन्धी नीति, योजना तर्जुमा र बजेट बिनियोजन गर्ने गरी मा पेश गर्ने,

(ग) बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि आफ्नो वडामा सम्पर्क व्यक्ति तोक्ने,

(घ) बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि वडास्तरमा योजना तथा कार्यक्रम संचालन गर्दा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

(ङ) बालमैत्री स्थानीय शासन सम्बन्धी संचालित कार्यक्रमहरु समन्वयात्मक र एकीकृत ढंगबाट संचालन गर्ने गराउने,

(च) वडामा संचालित बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(छ). बाल क्लव/समुह तथा संजालहरुको विकासमा सहयोग पुर्‍याउने,

(ज) बालमैत्री स्थानीय शासनको आवधिक प्रगति समीक्षा गर्ने,

(झ). आफ्नो क्षेत्रबाट हुने सेवा प्रवाहलाई बालमैत्री बनाउने ।

(ञ). बाल क्लव/समुह तथा संजालहरुलाई आफ्नो वडामा सुचिकृत गरी तथ्याङ्क अद्यावधिक गर्ने ।

(ट) आफ्नो वडालाई बालमैत्री वडा वनाउने ।

## १५.३. बाल संरक्षण समितिको भूमिका :

(क) प्रमुख मुद्दा बनाएर अभियानको अगुवाइ गर्ने ।

(ख) नगरपालिका, वडा समिति र सामाजिक संघ संस्था, प्रहरी र बालक्लबसँग अभियानको विषयमा समन्वय र सहकार्य गर्ने ।

(ग) बालविवाह सम्बन्धी उजुरी आएमा बैठक बसी आवश्यक कारवाही अगाडि बढाउने ।

(घ) वडा स्तरीय बाल संरक्षण समिति गठन गरी अन्य मुद्दाका साथै बालविवाहको विषयमा समुदाय स्तरमा सचेतीकरण अभियान चलाउने ।

(ङ) समुदायस्तरमा बालविवाह, उमेर नपुगी विवाह र जबर्जस्ती विवाह बालश्रम, बेचविखन, बाल यौन दुर्व्यवहार रोक्नका लागि नीति तथा रणनीति तर्जुमा गर्न सहयोग गर्ने ।

(च) विद्यालय स्तरको मुख्य सम्पर्क व्यक्तिसँग छलफल र अन्तरक्रिया गरी समस्याको गम्भीरता बुझ्ने र बुझाउने ।

(ज) बालविवाह हुन लागेको अवस्थामा त्यसलाई रोक्न प्रहरी, बालमैत्री स्थानीय शासन समिति र सरोकारवालासँग बसी योजना बनाउने ।

(झ) बालविवाहका पीडित बालिकालाई राख्न सुरक्षित गृहको व्यवस्था गरी राख्ने प्रबन्ध मिलाउने ।

(ज) नगरपालिकालाई बालविवाह न्यूनीकरण र अन्त्यका लागि रणनीति, कार्यक्रम र कार्ययोजना बनाउन घचघच्याउने र आवश्यक बजेट विनियोजन गर्न सघाउने

(झ) बालविवाह हुने लागेको वा भागी विवाह गर्न लागेको अवस्थामा तिनीहरूलाई मनोसामाजिक परामर्शको विधिबाट सम्झाउने

**१५.४. स्वास्थ्य इकाइको भूमिका :**

(क) स्वास्थ्य क्षेत्रका कार्यक्रमहरूमा आवश्यकतानुसार बालविवाह र स-सानो उमेरमा हुने गर्भधारणलाई निरुत्साहन गर्ने कार्यक्रमहरू समावेश गर्ने ।

(ख) बालविवाह, उमेर नपुगी विवाह र जबर्जस्ती विवाहको विरुद्धको विषय किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा कार्यक्रमसँग एकीकृत गर्ने ।

(ग) किशोर तथा किशोरीहरूलाई प्रजनन्स्वास्थ्यको बारेका सचेतीकरण गर्ने ।

(घ) विद्यालय स्वास्थ्य कार्यक्रमलाई सुदृढ बनाउने ।

**१५.५. शिक्षा इकाइ तथा विद्यालयको भूमिका :**

(क) बालविवाह विरुद्धका कार्यक्रमहरू विद्यालय एवं जोखिममा रहेका समुदायसम्म पुऱ्याउने ।

(ख) बालविवाह, उमेर नपुगी विवाह भई जोखिममा परेकाहरूका लागि उपयुक्त शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।

(ग) विद्यालयमा किशोरीमैत्री शौचालय र व्यवहारको लागि विद्यालयमा सचेतीकरण गर्ने ।

(घ) बालविवाह, उमेर नपुगी विवाह, जबर्जस्ती विवाह तथा दाइजो प्रथा कानूनी अपराधको हो भन्ने शन्देशलाई बिद्यालय मार्फत समुदाय सम्म पऱ्याउने ।

(ङ) विद्यालयमा बालक्लब तथा किशोरी समूह गठन गर्ने ।

(च) विद्यालय सुधार योजनामा बालसंरक्षणका विषयलाई उठान गर्ने र कार्यान्वयन गर्ने ।

(छ) विद्यालयका अतिरिक्त क्रियाकलापहरूमा बालविवाह विरुद्धको सचेतीकण कार्यक्रमलाई समावेश गराउने ।

(ज) स्थानीय पाठ्यक्रममा बालविवाह, उमेर नपुगी विवाह र दाइजो प्रथाको विषय समेट्नुपर्ने ।

(झ) वार्षिक कार्ययोजनामा सेवा क्षेत्रभित्रको अवस्था विश्लेषण गरी दाइजो र बालविवाह न्यूनीकरणका लागि कार्यक्रम समावेश गर्ने ।

(ञ) बालविवाह सम्बन्धमा भएका कानूनी व्यवस्था र बालविवाह र उमेर नपुगी गरिएको विवाहको नकारात्मक असरका बारेमा सरोकारवाला बीचमा बहस सञ्चालन गर्ने ।

(ट) बालक्लबका सदस्यहरूले कक्षामा शिक्षक नआएको बेला बालविवाहबारे छलफल चलाउने ।

(ठ) बालविवाहबाट हुने जोखिममा रहेका बालबालिकाका अभिभावक भेला गरी बालविवाहको हानीबारे जानकारी दिने/ सचेतना गराउने

(ड) बालविवाहको जोखिमबाट बच्ने रक्षात्मक उपायहरूका बारेमा छात्रछात्रालाई जानकारी गराउने, वादविवाद प्रतियोगिता वा वक्तृत्वकला प्रतियोगितामा यो विषय समावेश गर्ने

**१५.६. महिला तथा बालबालिका इकाइको भूमिका :**

(क) वार्षिक कार्यक्रममा बाल विवाह, उमेर नपुगी विवाह र जबर्जस्ती विवाहलाई प्रथमिकताका साथ समावेश गरी कार्यान्वयन गर्न आवश्यक समन्वय एवं पहल गर्ने ।

(ख) बालबिवाह अन्त्यका लागि सञ्चालित कार्यक्रमहरूको नियमित अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण तथा निर्देशन दिने ।

(ग) बालविवाह विरुद्धको अभियानका लागि विभिन्न सरोकारवालाहरू बीच प्रभावकारी समन्वय, सहयोग र पैरवी गर्ने लगायत प्राविधिक तथा वित्तीय साधन स्रोतको प्राप्ति र पर्याप्त बजेट विनियोजनको व्यवस्थापन गर्ने ।

(घ) बालविवाह बढी हुने समुदाय र क्षेत्र पहिचान गरी त्यस क्षेत्रको अनुगमन गर्ने र सचेतनामूलक कार्यक्रम बनाई लागू गर्ने

**१५.७. प्रहरी कार्यालयको भूमिका** :

(क) बालविवाह, उमेर नपुगी विवाह र जबर्जस्ती विवाह रोकथाम वा निषेध गर्ने ।

(ख) बालविवाह भएको जानकारी पाउनासाथ रोक्ने र कानूनी कारवाही अगाडि बढाउने ।

(ग) बालविवाह, छाउपडी प्रथा लगायत अन्य हानिकारक सामाजिक प्रथाको अन्त्य गर्न आफू अन्तर्गतका निकायलाई प्रभावकारी रुपमा परिचालन गर्ने ।

(घ) विद्यालय तथा समुदायस्तरमा बालविवाह विरुद्ध सचेतीकरण अभियान सञ्चालन गर्ने ।

**१५.८. राजनीतिक दलको भूमिका :**

(क) बालविवाह गैरकानूनी हो भन्ने कुरा कार्यकर्ता तथा सदस्यलाई प्रशिक्षित गर्ने ।

(ख) केटा वा केटीको २० वर्ष उमेर नपुगी विवाह गर्न सल्लाह नदिने, बालविवाह गरेमा दण्ड सजाय हुने जानकारी दिने ।

(ग) बालविवाह विरुद्ध सार्वजनिक प्रतिबद्धता जनाउने ।

(घ) बालविवाहबाट हुने कानूनी सजाय तथा सामाजिक र शारीरिक हानीबारे विषय राखी प्रशिक्षण दिने /जनचेतना फैलाउने ।

(ङ) बालविवाह भइरहेको थाहा पाउना साथ प्रहरीलाई खबर गर्ने र सामाजका महिला र बालबालिकाको भेला गरी बालविवाहका हानीहरूबारे जानकारी गराउने

(च) महिला र पुरुषको सम विकासको निम्ति अभियान चलाउने ।

**१५.९. संघ/संस्थाको भूमिका :**

(क) बालक्लब गठन र सहजीकरण गर्ने ।

(ख) स्थानीय तहमा बालबालिकाको लागि योजना तर्जुमामा सहयोग गर्ने ।

(ग) बालसंरक्षण समिति, अभिभावक, परिवार र समुदायलाईलाई सचेतनामूलक अभियान सञ्चालन गर्न मद्दत गर्ने ।

(घ) वडास्तरमा परामर्शदाताको व्यवस्था गर्ने ।

(ङ) बालविवाह गर्ने वा गराउनेलाई खबरदारी गर्न बालविवाह निगरानी समिति गठनमा सहयोग गर्ने ।

(च) प्रहरी, प्रशासन, संघ/सस्था विद्यालय, शिक्षक, अभिभावक, बालक्लब, बालसंरक्षण समिति महिला, स्वास्थ्य स्वयम्सेविका, वडा कार्यालय, जनप्रतिनिधि लगायतसँग समन्वय र सहकार्य गर्ने ।

(छ) युवा क्लबहरूलाई बालविवाह, उमेर नपुगी विवाह र जबर्जस्ती विवाह अन्त्यको लागि अभियान चलाउन सहयोग गर्ने ।

(ज) साथी शिक्षा मार्फत बालविवाह अन्त्यका लागि प्रचार प्रसार गर्न लगाउने ।

(ज) बालबालिकालाई आफैबाट **बालविवाहलाई नाई भनौं** भनी अगाडि बढ्ने अभियान चलाउने ।

(झ) दाइजो प्रथा, हिंसा, बालविवाह, उमेर नपुगी विवाह र जबर्जस्ती विवाह, बेचविखन, यौन दुर्व्यवहार रोक्नका लागि नीति तथा रणनीतिक योजना तर्जुमा गर्न वडास्तरमा गर्न पहल गर्ने ।

(ट) बालमैत्री स्थानीय शासन पद्धतिको स्थापना र प्रवर्द्धनका लागि बालमैत्री रणनीतिक कार्ययोजना बनाउन मद्दत गर्ने ।

**१५.१०. बालक्लब तथा किशोरी सञ्जालको भूमिका :**

(क) आफ्नो विवाह रोक्न साथीहरूलाई प्रोत्साहन गर्ने ।

(ख) नगरपालिकाभित्र बालविवाह हुने जोखिम अवस्थाको पहिचान गर्ने ।

(ग) वार्षिक योजना तथा कार्यक्रममा बालविवाह अन्त्यका लागि कार्यक्रम समावेश गर्ने ।

(घ) बालविवाह अन्त्यका लागि सरोकारवाला निकायहरूसँग समन्वय गर्ने ।

(ङ) दौंतरी शिक्षाको माध्यमबाट साथीहरूबीच बालविवाहको प्रभावबारे खुलेर छलफल गर्ने ।

(च) गाउँ टोलस्तरमा बालबालिकाहरू भेला गरी सचेतीकरण कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ज) परिवारका सदस्यहरूलाई बालविवाहका प्रभाव बारे जानकारी गराउने ।

(झ) बालविवाह हुन लागेको वा भएको थाहा पाएमा तुरुन्त रोक्ने वा प्रहरीको नं. १०० वा बाल हेल्पलाइनको निःशुल्क नं. १०९८ मा फोन गर्ने ।

(ञ) बालविवाहको जोखिममा रहेका बालबालिकालाई छात्रवृत्ति दिई गुणस्तरीय शिक्षातर्फ प्रोत्साहित गर्ने

(ट) प्रत्येक वर्ष भदौ १ गतेलाई बालविवाह विरूद्ध दिवसका रूपमा भव्यतापूर्वक मनाउने

**१५.११. धार्मिक गुरू तथा पुरोहितको भूमिका :**

(क) बालविवाहविरुद्धमा आवाज उठाउने धर्मगुरूहरूको वडागत समिति गठन गर्ने ।

(ख) बालअधिकार र वालविवाहको जनचेतना कार्यक्रम गर्ने ।

(ग) विवाह गर्नु वा गराउनु अघि घरमुलीसँग उमेर सोधेर २० वर्ष कटेको सुनिश्चित भएपछि मात्र विवाह गर्न अनुमति वा सल्लाह दिने ।

(घ) घरमुलीलाई बालविवाह हुने अवस्था देखिएमा कानूनी दण्ड सजायबारे जानकारी दिने ।

(ङ) पूजा पाठ आदि गर्न समुदायमा जाँदा वालविवाहबारे सचेतना गर्न सहयोग गर्ने ।

(च) बालविवाहबाट हुने सामाजिक र शारीरिक हानीबारे जनचेतना फैलाउने ।

(छ) धार्मिक सत्सँग र प्रवचनहरूमा बालविवाह गैरकानूनी हो भन्ने कुरा अनुयायीहरू र सर्वसाधारणलाई बताउने ।

(च) योग शिविर सञ्चालन गरी योग तथा प्राणायम मार्फत बालबालिकाको शारीरिक र मानसिक विकास र परिपक्वताको अवस्थाका बारेमा जानकारी दिने

**९.१२. आमा समूह र स्वास्थ्यकर्मीहरूको भूमिका :**

(क) नगरपालिका तथा वार्ड स्तरीय स्वास्थ्य समन्वय समिति गठन गर्न माग गर्ने ।

(ख) बालविवाह, उमेर नपुगी विवाह र जबर्जस्ती विवाह अन्त्यका लागि जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।

(ग) बालविवाह, उमेर नपुगी विवाह र जबर्जस्ती विवाह विरूद्ध सञ्चालित अभियानहरूमा सक्रिय सहभागी हुने ।

(घ) बालविवाहबाट बालिकाको स्वास्थ्यमा पर्ने नकारात्मक प्रभावबारे समुदायमा सचेतना अभिवृद्धि गर्ने ।

## १६. अनुगमन तथा मूल्याङ्कन :

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०७४ बमोजिम गठित बालमैत्री स्थानीय शासन समितिले बालविवाह विरुद्धमा आफ्नो पालिकास्तरमा चलेका हरेक अभियानको अनुगमन र मूल्याङ्कन गर्नेछ । यस्ता अभियानका लागि बजेट विनियोजन गर्ने देखि लिएर आवश्यक पर्दा पीडितका लागि सुरक्षित आवासको प्रबन्ध मिलाउनुपर्ने भएकाले बालमैत्री स्थानीय शासन समितिले आवश्यक पर्दा कार्यपालिकाको बैठकमा यो विषयलाई प्रवेश गराई छलफल गर्ने तथा यस सम्बन्धमा साँफेवगर नगरपालिकाभित्र भएका कामको अनुगमन र मूल्याङ्कन गर्नेछ ।

**अनुसुचीहरु**

१. रणनीतिक योजना तर्जुमा कार्यशालाका सहभागीहरुको बिवरण

**<u>सन्दर्भ सामाग्री</u>**


- *नेपालका बालबालिकाको स्थिति २०७६*
- *बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२*
- *नेपालको संबिधान*
- *बाल मैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०७४*
- *बालश्रम सम्बन्धी गुरु योजना, २०७५*
- *बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९*